# धनौजी गाउँपालिका को आ.व. २०७५/०७६ को नीतिहरु

## क) आर्थिक विकास सम्बन्धि नीतिहरुः

### १. कृषि तथा पशु विकास सम्बन्धि नीतिहरुः

१.१. निर्वाहमुखी खेती प्रणालीलाई जिविकोपार्जनको प्रमुख माध्यमको रुपमा विकास गर्न कृषिको आधुनिकीकरण गरिनेछ ।

१.२. कृषि पकेट क्षेत्रको रुपमा यस गाउँपालिका क्षेत्रलाई विकास गर्दै धान, गहुँ, मकै, मौरी, च्याउ र मौसमी तथा बेमौसमी तरकारी उत्पादन बृद्धिमा जोड दिइनेछ ।

१.३. कृषि समुह, कृषि सहकारिताको माध्यमबाट व्यवसायिक कृषि तथा उत्पादकत्व वृद्धिमा जोड दिइनेछ ।

१.४. सार्वजनिक नीजि साझेदारी अन्तरगत गाँउक्षेत्रमा एक शित भण्डारको स्थापना गर्न चालु आ.व.मा विस्तृत कार्ययोजना तयार गरिनेछ ।

१.५. पशु विमाको प्रवर्द्धन गरि ब्यवसायीक पशुपालन तर्फ प्रोत्साहन गरिनेछ ।

१.६ गाँउ भित्रका बजार क्षेत्रहरुमा ब्यवस्थित पशु वधशालाहरु निर्माणको प्रारम्भिक कार्य थालनी गर्ने ।

१.७ मासु जाँच ऐन लगायतका कानुनले तोके बमोजिमको स्वस्थ्य र स्वच्छ मासु बिक्री भए नभएको सम्बन्धमा समय समयमा अनुगमन गरीने छ ।

१.८ सिचाई, कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्र, कृषि जन्य लघु उद्योग एवम वजारीकरणलाइ एकिकृत रुपमा विकास गर्दै लगिनेछ ।

१.९ अर्ग्यानीक खेतीलाई प्रोत्साहन गर्न विषदिमुक्त खेतीगर्ने लाई सहयोग र बढि विषादी प्रयोग गर्नेलाइ दण्डित गरिनेछ ।

१.१० गाँउक्षेत्र भित्रका एग्रोभेटको पहलमा हानीकारक विषादी विक्रि वितरणमा रोक लगाइनेछ ।

१.११ गाँउस्तरीय कृषि विकास समिति गठन गरि कृषि तथा पशु संग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु संचालनमा एकरुपता ल्याईने छ । कृषि विकास समितिको गठन र संचालन सम्बन्धि कार्यविधि एवम कार्यशर्त गाँउकार्यपालिका बैठकले तोक्नेछ ।

१.१२ कृषि तथा पशुपन्छि पालनमा बढ्दो महिला सहभागिता र महिला सशक्तिकरणलाइ केन्द्रित गर्दै साना तथा व्यावशायिक महिलामुखी कार्यक्रम सञ्चालन गर्ने प्रादेशिक नीतिलाइ आत्मसात गर्दै यस गाँउपालिकामा लागु गरिनेछ ।

### २. उद्योग तथा वाणिज्य नीतिः

२.१. परम्परागत तथा सांस्कृतिक रुपमा स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमको माध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।

२.२. आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुऱ्याइनेछ ।

२.३. गाँउक्षेत्रभित्र स्थापना भै कम्तिमा ७० प्रतिशत कर्मचारीहरु गाँउक्षेत्र भित्रकै राखी स्थापना तथा संचालन हुने उद्योगहरुलाई स्थापना भएको ३ ( तीन) वर्ष सम्म ५० प्रतिशत व्यवसायिक कर छुट दिने नीतिलाइ निरन्तरता दिइनेछ ।

२.४. यस गाँउक्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका व्यवसायहरुलाई एकिकृत रुपमा करको दायरामा ल्याउन विशेष अभियान संचालन गरिनेछ ।

२.५ गाँउक्षेत्रमा संचालित उद्योग एवं ब्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।

# धनौजी गाउँपालिका को आ.व. २०७५/०७६ को नीतिहरु

**३. पर्यटन नीतिः**

३.१ यस गाँउ क्षेत्र भित्र रहेका धार्मिक क्षेत्र तथा अन्य विभिन्न धार्मिक क्षेत्रहरुका साथै सिमसार क्षेत्रहरुको पहिचान गरि तिनीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

३.२ धार्मिक विविधता र साँस्कृतिक संरक्षण र प्रवर्धन गर्न सिर्जनशील र प्रस्तावहरु पेश गर्न सार्वजनिक आवहान गर्ने प्रादेशिक नीतिलाइ अंगिकार गरि कार्यान्वयनमा ल्याइनेछ ।

**४. सहकारी नीतिः**

४.१. सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरिनेछ ।

४.२. कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

४.३. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शि तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।

४.४. हालसम्म सहकारी संस्था स्थापना र सञ्चालन नभएका वडाहरुमा कम्तीमा एक(१) वटा सहकारी संस्था स्थापना गर्न पहल गरिनेछ ।

**५. वित्तिय नीतिः:**

५.१. गाँउपालिकाको कर प्रणाली चुस्त र पारदर्शी बनाउँदै करको दर घटाउदै दायरा बढाउने नीति अख्तियार गरिनेछ ।

५.२ राजस्वका स्रोतहरु पहिल्याइ आन्तरिक आय वृद्धि गर्न राजस्व प्रक्षेपण सम्बन्धि अध्ययन गरिनेछ ।

५.३. गाँउपालिका क्षेत्रमा स्थापना हुने वित्तिय संस्थाहरु, व्यवसायिक फर्महरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५.४ चालु आ.व.मा एकिकृत रुपमा राजश्व अभिवृद्दिका लागि सम्भ्यावता अध्ययन गरिनेछ ।

# धनौजी गाउँपालिका को आ.व. २०७५/०७६ को नीतिहरु

## २) पुर्वाधार विकास नीतिः

- गाँउको विभिन्न वडाहरुमा रहेको मुल बाटोहरु स्तरोन्नती गर्ने नीति लिइनेछ । गाँउको भित्री बाटोहरुलाइ आवश्यकता अनुसार फराकिलो बनाइ मुल बाटोसम्म जोड्ने ग्रेभल तथा पिसिसि ढलान गर्ने जस्ता कार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाँउ क्षेत्रको ठुला सडक तथा पूलको चालु आ.व.मा विस्तृत कार्ययोजना बनाइ कार्यान्वयनको लागि प्रदेश तथा संघमा लेखि पठाइनेछ ।
- सडकहरुको नियमित मर्मत संभारका लागि एक मर्मत संभार कोष खडा गरी नियमित रुपमा मर्मत गरिनेछ । साथै सो कोषमा आवश्यकता अनुसार बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिकामा रहेको खाली मैदानमा एक गाँउस्तरीय रंगशाला निर्माण गर्न अध्ययन गरिनेछ ।

**गाँउ क्षेत्र भित्र सिँचाईको विकासका लागि निम्न नीति अंगीकार गरिनेछः:**

- सामुहिक भुमिसुधार जल योजना बनाई कार्यान्वयन गर्न आवश्यक ब्यवस्था मिलाउने ।
- साना तथा मझौला सिंचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।

**भवन तथा शहरी विकास नीतिः**

- भवन निर्माण गर्दा नेपाल सरकारले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।
- घरनक्सा स्विकृत नगरी घर निर्माण गर्ने प्रवृतिको अन्त्यका लागि दण्ड र जरिवानाको व्यवस्था गरिनेछ ।
- ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- गाँउका विभिन्न स्थानहरुमा RECREATION PARK, CHILDREN PARK आदि प्राथमिकताको आधारमा अध्ययन शुरु गरिनेछ ।
- गाँउपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन एवं समिति गठन गरिनेछ ।

**उर्जा, तथा वैकल्पिक उर्जा तथा संचारको विकास एवम् प्रवद्धनमा जोड दिदै निम्न कार्यहरु गरिनेछ :**

- गाँउका सबै बस्तिहरुमा विद्युत सेवा पुर्‍याउन विद्युतिकरण लाई तिब्रता दिइनेछ ।
- गाँउका सडक तथा बजार क्षेत्रमा जनसहभागितामा आधारीत सौर्य बत्ति जडान गर्न पहल गरिनेछ।
- गाँउका क्षेत्रहरुमा टेलिफोन/मोवाईल/ईन्टरनेट सेवा विस्तार गर्न सम्बन्धित संस्थाहरुमा पहल गरिनेछ ।

**जनसहभागिता**

**जनसहभागिताबाट निर्मित योजनाहरु दिगो हुने तथा यस्ता योजनाहरुमा जनताको अपनत्व भै संचालन एवम रेखदेख जनताबाटै स्वतःस्फूर्त रुपमा हुने हामी सबैको अनुभव छ । तसर्थ भौतिक पुर्वाधार सम्बन्धि योजनाहरु संचालन गर्दा १५ प्रतिशत अनिवार्य रुपमा जनसहभागिता प्राप्त गरि योजना सम्झौता गर्ने नीति अवलम्बन गरिनेछ ।**

## ग) सामाजिक विकास नीतिहरुः

### १. शिक्षा विकास सम्बन्धि नीतिहरुः

१.१. गाँउक्षेत्रमा संचालित विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा सहजिकरण,, समन्वय एवम् नियमन गर्न गाँउप्रमुखको संयोजकत्वमा गाँउशिक्षा समितिलाइ क्रियाशील बनाइनेछ ॥

१.२. अध्यनरत विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा नियमित रुपमा शिक्षकको दरबन्दि मिलान गर्दै विद्यार्थी:शिक्षक अनुपात कम भएको विद्यालयबाट उक्त अनुपातमा बढि भएको विद्यालयमा शिक्षकलाई कामकाजमा खटाउने र कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा समाहित गरिनेछ ।

१.३. विपन्न वर्गका बालबालिकाहरुलाई विद्यालय जान प्रोत्साहित गर्न सामुदायिक/सरकारी विद्यालयमा अध्ययन गर्ने दलित, गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई वार्षिक २ जोडी विद्यालय पोशाकको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१.४. हाल संचालनमा रहेका बाल विकास केन्दहरुलाई नमुना बाल विकास केन्द्रको रुपमा विकास गर्ने कार्यप्रारम्भ गरिनेछ ।

१.५. विद्यालयलाई प्रदान गर्ने भौतिक सुविधालाई आवश्यकता र सुचकाङ्कको आधारमा तय गर्ने ।

१.६. आधारभुत तह देखी नै अंग्रेजी भाषा, कम्प्युटर शिक्षा तथा विभिन्न Extra Curricular Activities मा जोड दिइनेछ ।

१.७. सबै विद्यालयहरुमा पुस्तकालय तथा सिकाई केन्द्र व्यवस्थापनका लागि पहल गरिनेछ ।

१.८. गाँउपालिका क्षेत्रमा अनिवार्य र निःशुल्क आधारभुत शिक्षा लागु गर्ने कार्यलाई प्राथमिकताका साथ अगाढी बढाईनेछ ।

१.९. बालबालिकाको सर्वाङ्गण विकासका लागि अन्तर विद्यालय खेलकुद, हाजिरि जवाफ, वकृत्वकला, नृत्य, वादविवाद जस्ता प्रतियोगिताहरु संचालन गर्ने ।

१.१०.नीजि क्षेत्रहरुबाट संचालित वालविकास ( MONTESSORY ) आधारभुत र माध्यमिक विद्यालयहरुको मापदण्ड बनाई लागु गरिनेछ ।

१.११.गाँउ क्षेत्रभित्र बैकल्पिक शिक्षा, प्रोढ शिक्षा, गृहिणि शिक्षा, जस्ता क्षेत्रको विकासका लागि सामुदायिक सिकाई केन्द्रको भुमिकालाई सशक्त बनाइनेछ ।

१.१२ सामुदायिक विधालयमा कार्यरत शिक्षकहरुसँग कार्यसम्पादन करार (Performance Bond) गरि यसको नतिजाको आधारमा पुरस्कार र दण्ड सम्बन्धि व्यवस्था मिलाइनेछ ।

### २. स्वास्थ्य नीतिः

२.१ गाँउक्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवमं संरचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गरिनेछ ।

२.२. गाउँपालिमा एक्सरे सहित प्याथोलोजि प्रयोगशाला सेवा संचालन गर्न सम्भ्यावता अध्ययन गरिनेछ ।

२.३ गाँउक्षेत्र भित्रका विपन्न तथा जेष्ठ नागरिकहरुलाइ क्यान्सर,मृगौला तथा मुटुरोग जस्ता रोगहरुको उपचारको लागि सहयोग गरिनेछ ।

२.४ आयुर्वेद तथा (पारम्परिक) चिकिस्ता प्रणालीको विकासलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

२.५ गाउपालिकाको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यक्रमलाई सशक्त ढंगले कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

२.६ एच.आई.भि./एड्स, मलेरिया, क्षयरोग, हेपाटाईटिस, डेङ्गो जस्ता रोगहरुको नियन्त्रण तथा उपचारका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गरिनेछ ।

२.७ गाँउको स्वास्थ्य क्षेत्रको सुधार तथा जनतामा स्वास्थ्य चेतना अभिवृद्धिमा महिला स्वयंम सेविकाको भुमिकाको उच्च मुल्याङ्कन गर्दै महिला स्वमं सेविकाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

२.८ गाँउपालिका का सबै वडामा कमितिमा १ वटा स्वास्थ्य केन्द्र ( खोप तथा पोषण केन्द्र सहितका ) निर्माण गर्न पहल गरिनेछ । यसका लागि जग्गा उपलब्धता एवम् सहज पहुँच लाई प्राथामिकताको आधार मानिनेछ ।

२.९ गाउपालिकालाई अनुदानमा जमिन प्राप्त भएमा २५ शैयाको अस्पताल निर्माणको पहल गरिनेछ ।

### ३. खानेपानी तथा सरसफाईः

३.१. सबै गाँउबासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।

३.२. गाँउपालिकालाई खुला दिशामुक्त क्षेत्र घोषणा गर्न एक घर एक शौचालयको अवधारणा अवलम्बन गर्दै चालु आ.व.मा यस गाँउपालिकालाइ खुला दिशामुक्त घोषणा गरिनेछ ।

३.४. गाँउका बजार क्षेत्ररुको नियमित रुपमा सरसफाईका लागि आवश्यक व्यवस्था मिलाइनेछ  तथा सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

३.५. गाँउका विभिन्न स्थानहरुमा ओभरहेड खानेपानी आयोजना निर्माण गरि सबै बस्ती/टोलहरुमा स्वच्छ र सफा खानेपानी आपुर्ति गर्ने; यसै आ.व.मा खानेपानी आयोजनाको लागि जग्गा खोजि गरि डि.पि.आर. तयार गरिनेछ ।

**४. संस्कृति प्रवर्द्धनः**

४.१. गाँउपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ ।

४.२ धार्मिक सांसकृतीक तथा ऐतिहासीक  रुपमा महत्वपूर्ण  मठ मन्दिर मस्जिद आदीको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

**५. लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

५.१. गाँउपालिकाबाट प्रदान गरिने सामाजिक तथा आर्थिक अवशरहरुमा महिलाहरुको सम्मानजनक सहभागिता सुनिश्चत गर्न लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गरिनेछ ।

५.२. महिलाहरुको हक अधिकारको संरक्षणका लागि लैङ्गिक हिंसा निवारण लगायत अन्य स्थानीय कानुनहरु तर्जूमा, कार्यान्वयन तथा सो को अनुगमन मुल्याङ्कन गरिनेछ ।

५.३. महिला विरुद्ध हुने सबै प्रकारका हिंशाको अन्त्यकालागि विषेश कार्यक्रम संचालन गरिनेछ ।

# धनौजी गाउँपालिका को आ.व. २०७५/०७६ को नीतिहरु

## घ) वातावरण तथा विपद व्यवस्थापन नीतिः

**१. वन तथा भु-संरक्षण नीतिः**

१.१. वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

१.२. गाँउक्षेत्र भित्र नदी किनार, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।

१.३. गाँउक्षेत्रमा रहेका ताल तलैया तथा पोखरिहरुको लगत संकलन गरी तिनमा भएका जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्दै तीनिहरुलाई पर्यटकिय सिमसार क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।

१.४. सरोकारवालाहरु सँग समन्वय एवमं सहकार्य गरी बैज्ञानिक वन व्यवस्थापन जैविक विविधता संरक्षण, जलवायु परिवर्तन, प्रकोप नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

१.५ वातावरण संरक्षण जैविक विविधता प्रवर्द्धन गर्न तथा वातवारण क्षेत्रमा कार्य गर्न एक वातावरण संरक्षण कोष खडा गरिनेछ ।

१.६ नदि क्षेत्रहरुको संरक्षण गर्न नदि किनारको अतिक्रमण रोक्न आवश्यक पहल गरिने र यसबाट खर्च गर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गर्नेछ ।

१.७ यस गाँउक्षेत्र भित्र रहेका सार्वजनिक सरकारी सम्पतीलाई केन्द्र तथा प्रदेश सरकार संग समन्वय गरी गाउपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ ।

**२. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीतिः**

२.१. वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा सम्वद्ध सबै पक्षहरु सँग समन्वय र साझेदारी गर्ने ।

२.२. प्लाष्टिक झोला नियन्त्रण गर्दै कागज तथा कपडा जन्य झोलालाई प्रोत्साहान गरी क्रमिक रुपमा यस गाउपालिकालाई प्लाष्टिक मुक्त गा.पा.घोषणाको लागि पहल गरिनेछ ।

२.३ जैविक विषदीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रासायनिक विषादी माथी प्रतिबन्द लगाईनेछ ।

२.४ नदि,खोलाहरुमा विष हाली तथा करेन्ट लगाई माछा मार्ने कार्यलाई निषेध गर्दै यस्तो कार्य गर्नेलाई कानुनी कार्यवाहीको दायरामा ल्याइनेछ ।

**३. फोहोरमैला व्यवस्थापन नीतिः**

३.१. गाँउक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ ।

३.२. फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ ।

३.३. फोहोर मैला व्यवस्थापनका लागि करार तथा दैनिक ज्यालादारीमा काम गर्ने गरी श्रम ब्यवस्था गरिनेछ ।

३.४ फोहर ब्यवस्थापनका सम्बनधमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३.५.गाँउक्षेत्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीका लागि पहल गरिनेछ ।

३.६ गाँउपालिकाको फोहोर व्यवस्थापनको लागि आवश्यकता अनुसार मेसिनरि औजारहरु खरिद गरिनेछ ।

३.७ धनौजी गाँउपालिकालाइ पूर्णरुपमा खुला दिशामुक्त बनाइ एक घर एक चर्पीको अवधारणालाइ मुर्त रुप दिइनेछ । तथा सम्पुर्ण चर्पीहरुको नियमित सरसफाइको निमित्त आवश्यक उपकरणको व्यवस्था मिलाइनेछ ।

**४. विपत व्यवस्थापन नीतिः**

४.१. भुकम्प, अतिवृष्टि, बाढी, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, शीतलहर तथा हैजा, वर्डफ्ल्यु, डेंगु, जस्ता महामारी बाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न विपत व्यवस्थापन पुर्व तयारी योजना र विपत प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गरिनेछ । साथै विपदको समयमा आवश्यक पर्ने औजार तथा सामाग्रिहरुको व्यवस्था गरिनेछ ।

४.२. सरकारी तथा गैरसरकारी संस्थाहरु सँग समन्वय गरी गाँउक्षेत्र भित्र तटबन्धनको कार्य गरिनेछ ।

४.३. विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुनःस्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपना सृजना हुन दिइने छैन ।

४.४. स्थानीय/समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४.५. विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गर्नुका साथै विपद व्यवस्थापन सम्बन्धि पूर्व तयारी गर्दै क्षति न्यूनीकरण गर्न एक विपद व्यवस्थापन कोष खडा गरि प्रत्येक वर्ष उक्त कोषमा रु १० लाख जम्मा गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।

४.६. आगलागीबाट जोगिन गा.पा. क्षेत्रका प्रतेक व्यवसायिक पसल/सटर, भवन तथा निजी भवनमा फायर एक्सटिङ्गयुशर राख्न प्रेरित गर्ने, घर नक्शा पास वा नियमितता गर्दा फायर एक्सटिङ्गयुशर राख्ने कार्यलाई लागु गरिनेछ ।

# धनौजी गाउँपालिका को आ.व. २०७५/०७६ को नीतिहरु

## न्याय सम्पादन नीतिः

१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गर्ने ।
२. स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा १ महिला सदस्य र १ खुला सदस्य सहितको ३ सदस्यीय स्थानीय मेलमिलाप समिति गठन गर्ने ।
३. स्थानीय मेलमिलाप समितिको सदस्यलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी निजहरुलाई मध्यस्थता तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण/तालिम प्रदान गर्ने ।
४. गाँउपालिका तथा न्यायीक समितिलाई काननी सल्लाह प्रदान तथा गाँउक्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न आवश्यकता अनुसार कानूनी सल्लाहकारको व्यवस्था गर्ने ।

# धनौजी गाउँपालिका को आ.व. २०७५/०७६ को नीतिहरु

## च )सार्वजनिक सेवा तथा क्षमता विकास नीतिहरु

1. दक्ष ईमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरी प्रत्येक वर्ष एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारी को रुपमा सम्मान तथा रु दस हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

2. कर्मचारी कल्याणकारी कोषमा वार्षिक रु ५ लाख जम्मा गरिनेछ ।

३ पेन्सन नपाउने कर्मचारीहरुको लागि योगदानमा आधारित पेन्सन प्रदान गर्न अध्ययन गरि सम्बन्धित वित्तिय सस्थाहरुसँग यस सम्बन्धमा पहल गरिनेछ ।

४. गाँउपालिकाको सेवा प्रवाह, अनुगमन, मुल्याङ्कन तथा समन्वयात्मक कार्यमा सहयोग गर्न आवश्यकता अनुसार सवारी साधनहरु खरिद गर्ने ।

५. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवहारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ वटा अवलोकन भ्रमण कार्यक्रम गर्ने ।

६. कर्मचारी समायोजन भै आएपश्चाल कार्यविभाजन नियमावली तथा प्रचलित ऐन अनुसार संगठन तथा व्यवस्थापन सर्भे गराई कार्यपालिका कार्यालय, वडा कार्यालयहरु र विषयगत समितिको संगठन संरचना तयार गरिने । तत्कालका लागि साविककै संगठन संरचना अन्तर्गत कार्य संचालन गर्ने तथा समायोजनको क्रममा विभिन्न निकायहबाट यस गाउपालिका कार्यालयमा काज/सरुवा भै आउने कर्मचारीहरुलाई हाँजिर गराई काममा लगाउने । आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम आवश्यक कर्मचारी, सरसफाई कर्मचारी तथा प्राविधिक कर्मचारी नियुक्त गर्ने ।

१५. गाँउप्रमुख तथा उपप्रमुखको नियमित कामकारबाहीलाई सुशाशित एवम् व्यवस्थित गर्न एक/एक जना निजी सहायकको व्यवस्था गरिनेछ । निजको नियुक्ति एवम् कार्यशर्त प्रमुख प्रशासकीय अधिकृतले तोक्नेछ।

## ङ) वित्तिय व्यवस्थापन र सुशासन नीतिः

**१. गाँउपालिका तथा विषयगत कार्यालयको आम्दानी र खर्चको लेखाङ्कन कम्प्युटराइज्ड गर्ने, गाँउपालिका एकाउन्टिङ सफ्टवयर जडान गर्ने, विषयगत कार्यालको हकमा क्रमशः लागु गर्ने ।**

**२. वित्तिय अनुशासन कायम राख्न तथा वित्तिय जोखिम न्यूनीकरण गर्न निम्न नीतिहरु अंगीकार गर्नेः**

२.१. सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्ने; वार्षिक खरिद योजना निर्माण गरी सो बमोजिम मात्र खरिद कार्य गरिनेछ ।

२.२. खर्चको नियमित तथा आवधिक रुपमा सार्वजनिकीकरण गर्ने तथा गाँउपालिकाको वेवसाईट निर्माण गरि सो मार्फत सार्वजनिकीकरण गरिनेछ ।

२.३. उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । ५ लाख भन्दा माथिका योजनाहरुको हकमा अनिवार्य रुपमा योजनाको विवरण सहितको सुचना पाटी योजनास्थलमा राख्न लगाउने व्यवस्था लागु गरिनेछ ।

२.६. जनप्रतिनिधि तथा उपभोक्ता समितिका पदाधिकारी हरुलाई योजना संचालन, फरफारक जस्ता विषयमा क्षमता अभिवृद्धि गरिनेछ ।

२.७. वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरण गरिनेछ ।

**३. राजश्व परिचालन सम्बन्धमा निम्न नीतिहरु अंगिकार गरिनेछः**

३.१. करको दायरा बढाई करको दर घटाउने ।

३.२. कर तिर्न सबै करदातालाई प्रेरित गर्ने ।

३.३. एक जना उत्कृष्ट करदातालाई सम्मान गर्ने ।
३.४. कर प्रशासन लाई चुस्त, प्रविधि सम्पन्न तथा दक्ष जनशक्तियुक्त बनाउने ।
३.५. एकिकृत सम्पत्ति करको दायरामा सम्पूर्ण गाँउबासीहरुलाइ ल्याउन अभियान सञ्चालन गरिनेछ ।
३.६ यस गाँउपालिका भित्र कर संकलनहुन सक्ने क्षेत्रहरुको बारेमा अध्ययन गरि सबैलाइ करको दायरामा ल्याउने ।

**४. आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीतिः**

४.१. कानूनी रुपमा गर्नुपर्ने आन्तरिक तथा अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र समयमै बेरुजु फर्छयौट गर्ने व्यवस्था मिलाउने ।

**५. सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण नीतिः**

५.१. गाँउपालिकाले प्रत्येक चौमासिकमा कम्तिमा १ वटा सार्वजनिक सुनुवाई गर्ने तथा सबै वडाहरुले वर्षमा कम्तिमा २ पटक वडा स्तरीय सार्वजनिक सुनुवाई गर्ने ।
५.२. उपभोक्ताबाट संचालित सबै योजनाहरुको खर्चको सार्वजनिकीकरण तथा  सार्वजनिक परिक्षणको व्यवस्था गर्ने ।
५.३. गाँउपालिकाबाट संचालित योजनाहरुको  सामाजिक परिक्षण गराउने ।

**६. सुचना तथा सञ्चार व्यवस्थापन नीतिः**

६.१. नागरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरेबमोजिमका सुचनाहरु प्रकाशन तथा  नागरिकले मागेको सूचना नियमअनुसार प्रदान  गरिने छ ।
६.२. गाँउपालिकाको वेवसाईट लाई डिजाईन गरि इन्ट्रेक्टिभ बनाईनेछ ; फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालकोसमेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ ।
६.३. गाँउपालिकाको सुचना तथा संचार व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा पत्रकार जगत एवम् संचार गृहहरु सँग समन्वय गर्न एक जना गाँउप्रमुखको निजी प्रेस संयोजकको रुपमा नियुक्त गर्ने ।
६.४. छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाँउपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने ; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्था गरिनेछ ।
६.५. गाँउपालिकाको सुचना सम्प्रेषण, गुनासो व्यवस्थापन, सेवाप्रवाह, आदिको सहजताका लागि एक मोवाईल एप्स तयार गरी संचालन गरिनेछ ।